राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः भूमी सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८२

संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार):

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता माननीय सदस्य | दर्ता नं. | संशोधन प्रस्तावकर्ता माननीय सदस्य |
|---|---|---|---|
| ०१ | मा. तुलप्रसाद विश्वकर्मा | ०२ | मा. आनन्दप्रसाद ढुङ्गाना |
| ०३ | मा. पदम बहादुर परियार, मा. विष्णु कुमारी सापकोटा र मा. बलदेब बोहोरा | ०४ | मा. डा. बेदुराम भुसाल, मा. घनश्याम रिजाल, मा. साबित्री मल्ल, मा. मदन कुमारी शाह (गरिमा), मा. गोमा देवी तिमल्सिना र मा. जयन्ती देवी राई |
| ०५ | मा. राजेन्द्रलक्ष्मी गैरे | ०६ | मा. सुरेश कुमार आलेमगर, मा. तारामान स्वाँर, मा. गोपी बहादुर सार्की आछामी, मा. राधेश्याम पासवान, मा. झक्कु प्रसाद सुवेदी, मा. माया प्रसाद शर्मा, मा. जगप्रसाद शर्मा, मा. श्रीकृष्ण प्रसाद अधिकारी, मा. नरबहादुर विष्ट, मा. भुवन बहादुर सुनार, मा. गंगा कुमारी बेलवासे र मा. विष्णु बहादुर विश्वकर्मा |
| ०७ | मा. मृगेन्द्रकुमार सिंह यादव, मा. मोहम्मद खालिद र मा. पुजा चौधरी | | |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. तुलप्रसाद विश्वकर्मा | २ | (१) | | | यस उपदफा र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा १ को उपबुँदा (१) झिकी भूमि सम्बन्धी ऐन, २०२१ को साविक दफा १२छ. कायम राख्नु पर्ने। |
| २. | मा. सुरेशकुमार आले मगर सहितका मा. सदस्यहरू | २ | (१) | | | यस उपदफाबाट सट्टामा प्रस्तावित दफा १२छ. को सट्टा प्रतिवेदनको बुँदा १ को उपबुँदा (१) ले राखेको दफा १२छ. मा रहेका "पेस गर्नुपर्ने रहेछ भने" भन्ने शब्दहरूको सट्टा "पेस गरी स्वीकृत गराउनु पर्नेछ र" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३. | डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | (१) | | | यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा १ को उपदफा (२) मा रहेका "क्रम मिलाउँदा कायम हुने उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखे" भन्ने शब्दहरूको सट्टा "पछि देहायको उपदफा (२) थपी त्यसपछिका उपदफाक्रम मिलाउने" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४. | डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | (१) | | | प्रतिवेदनको बुँदा १ को उपबुँदा (२) ले थपेको उपदफा (२) मा रहेका "दफा १२ज. थपिएको छ" भन्ने शब्दहरूको सट्टा "दफा १२ज. र १२झ. थपिएका छन्" भन्ने शब्दहरू राखी,-<br>• प्रतिवेदनले राखको दफा १२ज. को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "स्वीकृति लिई" भन्ने शब्दहरू पछि "जुन प्रकृतिको जग्गा हो सोही प्रकृतिको कार्य गर्ने सर्तमा" भन्ने शब्दहरू थप्नु पर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • प्रतिवेदनले राखको दफा १२ज. को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "व्यावसायिक कृषि" भन्ने शब्दहरूपछि ", चिया" भन्ने शब्द थप्नु पर्ने।<br>• प्रतिवेदनले थपेको दफा १२ज. पछि देहायको दफा १२झ. थप्नु पर्नेः-<br>"१२झ. <u>नक्साङ्कन भएको जग्गाको स्वामी हुने</u>ः यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि बर्षौं वर्षदेखि घरबास बनाई बसोबास गरी आएका गाउँ ब्लक, भिटा, भिटौरी भनिने जग्गा नापी नक्साङ्कन बसोबास गरी आएकै व्यक्तिको स्वामित्व कायम गरिनेछ।" |
| ५. | मा. राजेन्द्रलक्ष्मी गैरे | २ | (१) | | | उपदफा (१) पछि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा नं (१) को उपबुँदा (२) बाट भूमि सम्बधी ऐन, २०२१ मा थप्न प्रस्तावित दफा १२ज. को उपदफा (१) झिकी त्यसपछिका उपदफाक्रम मिलाउनु पर्ने। |
| ६. | मा. मृगेन्द्रकुमार सिंह यादव सहितका मा. सदस्यहरू | २ | (१) | | | प्रतिवेदनको बुँदा १ को उपबुँदा (२) ले थपेको उपदफा (२) मा रहेका "दफा १२ज. थपिएको छ" भन्ने शब्दहरूको सट्टा "दफा १२ज. र १२झ. थपिएका छन्" भन्ने शब्दहरू राखी थप्न प्रस्तावित दफा १२ज. पछि देहायको दफा १२झ. थप्नु पर्नेः-<br>"१२झ. <u>भोगचलन गरेको जग्गाको स्वामित्व कायम हुने</u>ः पुरानो सहर, बजार, बस्तीको वहाल विटौरी, कोठ, भखारी जग्गा भोगचलन गरी तिरो तिरिरहेका व्यक्तिहरूको सम्बन्धमा त्यस्तो जग्गा नाप नक्सा गरी भोगचलन गरिरहेकै व्यक्तिको नाममा जग्गाधनी पुर्जा वितरण गरिनेछ।" |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | मा. सुरेशकुमार आले मगर सहितका मा. सदस्यहरू | २ | (२) | (क) | | उपदफा (२) प्रतिवेदन अनुसार कायम भएको उपदफा (३) को खण्ड (क) बाट दफा ५२ख. को उपदफा (४) को खण्ड (ग) को सट्टा प्रस्तावित खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा प्रतिवेदनले सट्टामा राखेका शब्दहरूमध्ये "बाटो वा डगर" भन्ने शब्दहरूपछि ", कुलो, राजकुलो, खलिहान, भीर-पाखो, वन-बुट्यान, खोल्सी-बगर, पोखरी, मसानघाट, कब्रिस्तान, चिहान आदि भएका जग्गाहरू हाल प्रयोजनमा नरहेका र दश वर्षभन्दा पहिलेदेखि आवाद-कमोतमा रहेका रहेछन् भने स्थानीय तहले सर्जमीन मुचुल्का गरी कार्यपालिकाको निर्णय सहित प्रमाणित गरेमा" भन्ने शब्दहरू र प्रतिवेदनले सट्टामा राखेको "सुकुम्बासीलाई" भन्ने शब्दको सट्टा "सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई" भन्ने शब्दहरू राखु पर्ने। |
| ८. | मा. मृगेन्द्रकुमार सिंह यादव सहितका मा. सदस्यहरू | २ | (२) | (क) | | उपदफा (२) प्रतिवेदन अनुसार कायम भएको उपदफा (३) को खण्ड (क) बाट दफा ५२ख. को उपदफा (४) को खण्ड (ग) को सट्टा प्रस्तावित खण्ड (ग) "आरक्षको जग्गा," भन्ने शब्दहरूपछि "चुरेको संवेदनशील वनक्षेत्र," भन्ने शब्दहरू थपी यसैको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "त्यस्तो जग्गा" भन्ने शब्दहरूपछि "जन्म स्थान/नागरिकताको आधारमा निजको आर्थिक अवस्था र निज र निजको परिवार कसैको नाममा कुनै स्थानमा जग्गा नभएको" भन्ने शब्दहरू थप्नु पर्ने।<br>वास्तविक सुकुम्बासी र भूमिहीन दलितलाई के-कति मात्रामा जग्गा वितरण गरिने हो, सोको क्षेत्रफल समेत उल्लेख गर्नु पर्ने। |
| ९. | मा. मृगेन्द्रकुमार सिंह यादव सहितका मा. सदस्यहरू | २ | (२) | (ख) | | उपदफा (२) प्रतिवेदन अनुसार कायम भएको उपदफा (३) को खण्ड (ख) बाट दफा ५२ख. मा थप्न प्रस्तावित उपदफा (४क) मा रहेका "बसोबास गरिरहेका" भन्ने शब्दहरूपछि "जन्म स्थान/नागरिकताको आधारमा" भन्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | शब्दहरू थप्नु पर्ने। |
| १०. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | २ | (२) | (ख) | उपदफा (२) प्रतिवेदन अनुसार कायम भएको उपदफा (३) को खण्ड (ख) बाट दफा ५२ख. मा थप्न प्रस्तावित उपदफा (४क) मा रहेका "आरक्ष," भन्ने शब्दपछि "चुरे क्षेत्रका संवेदनशील स्थान" भन्ने शब्दहरू र "अन्यत्रै" भन्ने शब्दहरूपछि "उपयुक्त स्थानमा" भन्ने शब्दहरू थपी देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्नेः-<br>"तर त्यस्ता क्षेत्रमा रहेका अव्यवस्थित बसोबासीहरू समेतलाई हटाइसकेपछि खुल्ला वा प्राकृतिक क्षेत्र कायम गर्नु पर्नेछ।" |
| ११. | डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | २ | (३) | | उपदफा (३) प्रतिवेदन अनुसार कायम भएको उपदफा (४) मा प्रतिवेदनको बुँदा १ को उपबुँदा (४) को खण्ड (१) ले थपेको खण्ड (ख) र खण्ड (२) ले खण्ड (ख) प्रतिवेदन अनुसार काषम भएको खण्ड (ग) को सट्टामा राखेको खण्ड (ग) झिकी त्यसपछिको खण्डक्रम मिलाउनु पर्ने। |
| १२. | मा. मृगेन्द्रकुमार सिंह यादव सहितका मा. सदस्यहरू | २ | (३) | (क) | उपदफा (३) प्रतिवेदन अनुसार कायम भएको उपदफा (४) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नु पर्नेः-<br>"(क) उपदफा (१) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "पैंतिस वर्ष" भन्ने शब्दहरू राखिएका छन्।" |
| १३. | मा. सुरेशकुमार आले मगर सहितका मा. सदस्यहरू | २ | (३) | (ख) | उपदफा (३) प्रतिवेदन अनुसार कायम भएको उपदफा (४) को खण्ड (ख) प्रतिवेदन अनुसार कायम भएको खण्ड (ग) ले सट्टामा प्रस्ताव गरेको उपदफा (३) को सट्टा प्रतिवेदनको बुँदा १ को उपबुँदा (४) को खण्ड (२) ले राखेको उपदफा (३) मा रहेका "उपलब्ध गराउँदा" भन्ने शब्दहरूपछि "निजको आर्थिक अवस्था, बसोबासको स्थिति, आवाद-कमोत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अवधि, अन्यत्र जग्गा भए, नभएको" भन्ने शब्दहरू र "दस्तुर लिई" भन्ने शब्दहरूपछि "त्यस्तो जग्गामा कम्तिमा दश वर्ष अघिदेखि आवाद-कमोत गरी आएको भएमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १४. | मा. आनन्दप्रसाद ढुङ्गाना | २ | (३) | (ख) | | उपदफा (३) प्रतिवेदन अनुसार कायम भएको उपदफा (४) को खण्ड (ख) प्रतिवेदन अनुसार कायम भएको खण्ड (ग) ले सट्टामा प्रस्ताव गरेको उपदफा (३) को सट्टा प्रतिवेदनको बुँदा १ को उपबुँदा (४) को खण्ड (२) ले राखेको उपदफा (३) मा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "जग्गा रजिस्ट्रेशन गर्दा लाग्ने दस्तुरको कृषि प्रयोजनको लागि अधिकतम पाँच प्रतिशत र आवासीय प्रयोजनको लागि अधिकतम दश प्रतिशतसम्म" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | २ | (३) | (ख) | | उपदफा (३) प्रतिवेदन अनुसार कायम भएको उपदफा (४) को खण्ड (ख) प्रतिवेदन अनुसार कायम भएको खण्ड (ग) ले सट्टामा प्रस्ताव गरेको उपदफा (३) को सट्टा प्रतिवेदनको बुँदा १ को उपबुँदा (४) को खण्ड (२) ले राखेको उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नु पर्नेः- "तर निज वा निजको परिवारले अव्यवस्थित बसोबासीको नाउँमा एकभन्दा बढी ठाउँमा जग्गा उपलब्ध गराउनको लागि मागदाबी पेस गर्न पाउने छैन।" |
| १६. | मा. मृगेन्द्रकुमार सिंह यादव सहितका मा. सदस्यहरू र मा.तुलप्रसाद विश्वकर्मा | ३ | | | | यस दफा र यस दफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा २ झिक्नु पर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७. | मा. सुरेशकुमार आले मगर सहितका मा. सदस्यहरू | ३ | | | | यस दफाबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ख. को उपदफा (१) को प्रतिबन्धात्मक वाक्याशंको सट्टा प्रस्तावित प्रतिबन्धात्मक वाक्यांशको सट्टा प्रतिवेदनको बुँदा २ ले राखेको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकारको नाममा" भन्ने शब्दहरूको सट्टा "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीका नाममा" भन्ने शब्दहरू राखु पर्ने। |
| १८. | मा. सुरेशकुमार आले मगर सहितका मा. सदस्यहरू | ४ | | | | यस दफाबाट वन ऐन, २०७६ को दफा ३ को उपदफा (२) मा थप्न प्रस्तावित प्रतिबन्धात्मक वाक्यांशको सट्टा प्रतिवेदनको बुँदा ३ ले राखेको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकारको नाममा" भन्ने शब्दहरूको सट्टा "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको नाममा" भन्ने शब्दहरू राखु पर्ने। |
| १९. | मा. मृगेन्द्रकुमार सिंह यादव सहितका मा. सदस्यहरू | ४ | | | | यस दफा र यस दफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३ झिक्नु पर्ने। |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ देखि १९ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८२।०५।२२